आज मिति २०८१।०३।१० गते यस कपुरकोट गाउँ कार्यपालिकाको ११३ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा पालिकाको बैठक कक्षमा बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | सदस्य | |
| ३ | श्री बालाराम खड्का | सदस्य | |
| ४ | श्री ईश्वर बुढा | सदस्य | |
| ५ | श्री प्रदिप खड्का | सदस्य | |
| ६ | श्री मित्रलाल कठायत | सदस्य | |
| ७ | श्री होम बहादुर खड्का | सदस्य | |
| ८ | श्री श्यामकृष्ण बोहरा | सदस्य | |
| ९ | श्री राधिका यरी | सदस्य | राधिका |
| १० | श्री अनिता पुन | सदस्य | |
| ११ | श्री तिला बुढाथोकी रोका | सदस्य | |
| १२ | श्री विमल कामी | सदस्य | |
| १३ | श्री रेवती सुनार | सदस्य | रेवती |
| १४ | श्री तिला कुमारी कामी | सदस्य | तिला |
| १५ | श्री भरत कुमार वली | सचिव | |

आमन्त्रित:

श्री खगेन्द्र बहादुर शाही - प्रशासन अधिकृत

श्री विष्णु प्रसाद आचार्य - लेखा प्रमुख

श्री तारादिव सेन - का स

श्री हुकुम कवि -अ.ले.प.

कपुरकोट गाउँपालिकाको मिति २०८१।०३।१० गतेको ११३ औं गाउँ कार्यपालिका बैठकको कार्यसुचीहरु

१. आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

२. आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम,विनियोजन विधेयक र अर्थ विधेयक सम्बन्धमा ।

३. क्षमता विकास योजना सम्बन्धमा ।

४. शिक्षा योजना र स्थानीय पाठ्यक्रमको अद्यावधिक सम्बन्धमा ।

५. विविध ।

प्रमुख प्रशासकीय अधिकृत

## कपुरकोट गाउँपालिकाको मिति २०८१।०३।१० गतेको ११३ औं गाउँ कार्यपालिका बैठकका निर्णयहरु

१ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका सँयोजक दुर्गा बहादुर पुनले पेश गर्नुभएको आ.व. २०८१/०८२ को बार्षिक निति तथा कार्यक्रमलाई स्विकृत गरि गाउँसभामा पेश गर्न अनुमति दिने ।

२ बजेट तथा कार्यक्रम तर्जुमा समितिका सँयोजक प्रकाश भरारीले पेश गर्नुभएको विनियोजन बिध्येक २०८१, अर्थ सम्बन्धि बिध्येक २०८१ र आ ब २०८/०८२ को बार्षिक बजेट तथा कार्यक्रमलाई स्विकृत गरि गाउँसभामा पेश गर्न अनुमति दिने ।

३. कपुरकोट गाउँपालिकाको क्षमता विकास योजना-(आ.ब.२०८१/०८२-२०८३/०८४) लाई स्विकृत गरी भुक्तानी भएको रकम कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानसँग शोधभर्नाका लागि अनुरोध गर्ने ।

४.कपुरकोट गाउँ शिक्षा समितिको सिफारिसमा कपुरकोट गाउँ कार्यपालिकाको मिति २०८१/०२/१३ को १११ औं बैठक निर्णय नं ७ बाट गठन गरिएको कपुरकोट गाउँपालिकाको स्थानीय पाठ्यक्रम "हाम्रो कपुरकोट" तथा गाउँपालिकाको "पञ्चबर्षिय गाउँ शिक्षा योजना २०७९-०८३" को परिमार्जन तथा अद्यावधि गर्ने कार्यदलले आफ्नो जिम्मेवारी पुरा गरी शिक्षा समितिबाट पारित हुदै परिमार्जित स्थानीय पाठ्यक्रम "हाम्रो कपुरकोट" र "गाउँ शिक्षा योजना २०७९-०८३" यस कार्यपालिकामा पेश गरेकोले यस उपर आवश्यक अध्ययन तथा छलफल गरि परिमार्जित कपुरकोट गाउँपालिकाको "शिक्षा योजना २०७९-०८३" तथा स्थानीय पाठ्यक्रम "हाम्रो कपुरकोट (कक्षा १-८)" लाई स्विकृत गर्ने र अद्यावधिक तथा संशोधन लेखनका लागि शिक्षा शाखाबाट पेश प्रस्तावना तथा कार्यदलको सिफारिस बमोजिमको तोकिएको पारिश्रमिक भुक्तानी गर्ने ।

५.कपुरकोट कला संस्कृती संरक्षण समितिले २०८०/०७/१४ गते गरेको बृहत सांस्कृतिक प्रर्दशनिमा रु १ लाख ५० हजारमा कार्यक्रम गर्ने सम्झौता भएको तर अपेक्षा गरेको भन्दा बढी सांस्कृतिक समुह र कलाकारहरु उपस्थित भएर विनियोजित बजेटबाट रकम अपुग भएको र उक्त खर्च औचित्यपुर्ण देखिएकोले कपुरकोट जागरण अभियान शिर्षकबाट रेलिमै होटेल एण्ड लजमा समितिले तिर्न बाँकी बिल बमोजिमको रकम रु ४००००। भुक्तानी दिने ।

निर्णय प्रमाणित